NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**फेब्रुअरी २८, २०१३**
**तत्काल प्रकाशनका लागि**
**सम्पर्कः एटलान्टामा, डेबोरा ह्याक्स +१ ४०४–४२०–५१२४; नेपालमा, डेविड ह्यामिल्टन +९७७ १–४४४–५०५५**

## कार्टर सेन्टर निर्वाचन आयोग नेपालको मतदाता दर्ताको सीमान्तकृत समुदायहरुलाई समेट्ने प्रयासको सराहना गर्दछ, साथै चासोका क्षेत्रहरुबारे पनि प्रकाश पार्दछ

**काठमाडौं**...आज प्रकाशित एक प्रतिवेदनमा कार्टर सेन्टर निर्वाचन आयोग नेपालको पछिल्लो घुम्ती मतदाता दर्ता अभियानको सराहना गर्दछ, यद्यपि महिला र यूवा नागरिकहरुको दर्ता दरमा कमी, तथ्याङ्कको गुणात्मकता तथा अनिश्चित राष्ट्रिय राजनीतिक परिवेश चासोका क्षेत्रहरु हुन् जून आगामी निर्वाचन हुनुअगावै मतदाता नामावलीको सुधारका लागि निराकरण गर्नै पर्ने हुन्छ ।

कार्टर सेन्टरको प्रतिवेदनले मतदानका लागि दर्ता हुने महिला, दलित तथा आदिवासी जनजाति समूहहरुलगायत दुर्गम भौगोलिक क्षेत्रका बासिन्दा तथा सीमान्तकृत समुदायहरुमा लक्षित निर्वाचन आयोगको घुम्ती सेवा कार्यक्रमको पर्यवेक्षण प्रस्तुत गरेको छ ।

"कार्टर सेन्टर मतदाता दर्ता तथा नागरिकता प्रमाणपत्र बिस्तार अभियानका लागि निर्वाचन आयोग नेपाल र गृह मन्त्रालय दुवैको सहकार्यपूर्ण प्रयासहरुको प्रसंशा गर्दछ," कार्टर सेन्टर नेपालका कार्यालय निर्देशक डेविड ह्यामिल्टन भन्नुहुन्छ । "तथापि, ठूलो संख्याका, सम्भवतः धेरै लाख योग्य नागरिकहरु मतदाता दर्तामा अझै परेका छैनन् । देशको लोकतान्त्रिक संक्रमण जारी रहेको अवस्थामा ती मानिसहरु छुट्नु हुँदैन ।"

सकारात्मक रुपमा, कार्टर सेन्टरका पर्यवेक्षकहरुले जिल्ला निर्वाचन अधिकृत, जिल्ला प्रशासन अधिकारी, गाउँ विकास समितिका सचिव तथा विभिन्न गैरसरकारी संस्थालगायत स्थानीय तहका सरोकारवालाहरुबीच सहकार्य बढेको पाए । नागरिक समाज तथा राजनीतिक दलका प्रतिनिधिहरु मतदाता शिक्षा र दर्ता अभियानमा सक्रिय रुपले संलग्न भएपछि मतदाता दर्ताका प्राविधिक पक्षहरुको कार्यान्वयनमा सुधार र दर्ता दरमा बढोत्तरी पनि देखियो ।

दुर्गम गाविसहरुमा सरकारी अधिकारीहरुसँग प्रत्यक्ष भेटघाट गर्ने अवसर पाउँदा धेरै नेपाली नागरिकहरु हर्षित भएको पनि पर्यवेक्षकहरुले पाए ।

प्रतिवेदनले विद्यमान दर्ता प्रयासहरुमा सुधार ल्याउन सकिने क्षेत्रहरुलाई समेत प्रकाश पारेको छ । तिनमा निर्वाचन आयोग नेपालद्वारा निर्मित योजना कार्यान्वयनका लागि साधनस्रोत तथा समयको अभाव र दर्ता प्रक्रियामा सुधार ल्याउन र सबै नेपाली नागरिकको मतदान गर्ने अधिकारको पूर्ण सुरक्षाको सुनिश्चितता गर्न सम्बन्धित सबै सरोकारवालाहरुको असमान सहभागिता लगायत छन् ।

विशेषगरी नागरिकता प्रमाणपत्र प्राप्त गर्ने बखतका संरचनागत अवरोधहरुले पनि धेरै महिलाहरुलाई मतदानमा दर्ता हुनबाट वञ्चित गरेका छन् । र धेरै यूवा नागरिकहरु मतदाता नामावलीमा समावेश हुन अझै बाँकी छन् । सेन्टरको प्रतिवेदनले २०११ को जनगणना तथ्याङ्कलाई आधार मान्दा पहिले अनुमान गरिएभन्दा बढी संख्याका व्यक्तिहरु दर्ता हुन बाँकी रहेको उल्लेख गरेको छ । २०१२ को जुलाईदेखि डिसेम्बरसम्मको दर्ता दर देशको जनसांख्यिकीय परिवर्तनसँग (demographic change) मेल खाएको देखिँदैन ।

**सुझावहरु**

मतदाता दर्ता प्रक्रियालाई सशक्त बनाउनका लागि प्रतिवेदनले निम्न सुझावहरु दिएको छ ।

*सरकार तथा राजनीतिक दलहरुका लागिः*

- निर्वाचन गर्ने सम्बन्धमा सहमति खोज्नुपर्छ । निर्वाचन प्रशासनको स्वतन्त्रता तथा नागरिक र राजनीतिक दलहरुमा पूर्ण आत्मविश्वास सुनिश्चित गर्नका लागि निर्वाचन योजना वा कार्यक्रमहरु कार्यान्वयन गर्नुपूर्व निर्वाचन आयोगमा आयुक्तहरु नियुक्त गरिनुपर्छ । नेपालमा हाल प्रयोगमा रहेको निरन्तर मतदाता दर्ता प्रणालीलाई पूर्ण प्रतिबिम्वित गर्ने गरी निर्वाचन सम्बन्धी कानूनहरुलाई सुधार गरिनुपर्छ ।

*नेपाल सरकारका लागिः*

- हरेक योग्य नेपाली नागरिकसँग नागरिकता प्रमाणपत्रमा पहुँच सुनिश्चित गर्ने प्रयासहरुलाई निरन्तरता दिनुपर्छ । विशेषतः, गृह मन्त्रालयद्वारा नागरिकता प्रमाणपत्र जारी गर्न खटाइने घुम्ती टोलीलाई निर्वाचन आयोगको स्थलगत दर्ता प्रयासहरुसँगै खटाउन प्राथमिकता दिनुपर्दछ । मन्त्रालयले स्थलगत भ्रमणको अवधिमा जारी हुने नागरिकता प्रमाणपत्रहरुको संख्यामा बृद्धि गर्ने उपायहरुतर्फ पनि ध्यान दिनुपर्छ ।
- विवाहित महिलाहरुले पतिको परिवारको सहयोग भए वा नभए पनि नागरिकता प्रमाणपत्र पाउने र विभेदमुक्त रुपमा मतदानका लागि दर्ता हुन पाउने सुनिश्चितताको लागि गृह मन्त्रालयका मार्गनिर्देशनहरुको आवश्यकता अनुसार पुनरावलोकन र संशोधन गर्नुपर्छ ।
- २००६-२००७ को विशेष प्रावधान अन्तर्गत जन्मको आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिहरुका सन्तानजस्ता अन्य योग्य व्यक्तिहरुका हकमा नागरिकताको प्रमाणपत्र र मतदाता दर्ताका कानूनी अड्चनहरु समाधान गर्ने उपायहरुबारे विचार गर्नुपर्छ ।

*निर्वाचन आयोग नेपालका लागिः*

- समग्र र जिल्लातहमा दर्ता हुनका लागि सम्भाव्य योग्य व्यक्तिहरुको संख्या पुनः गणना गर्न २०११ को जनगणना तथ्याङ्कको प्रयोग गर्नुपर्छ । कुल दर्ता दर न्यून भएका तथा दर्ता हुन बाँकी व्यक्तिको उच्च संख्या भएका जिल्लाका दर्ता दरहरुलाई सुधार गर्नेतर्फ ध्यान दिनुपर्छ । यसका लागि ती जिल्लाहरुमा स्रोतसाधनहरु पुनः विनियोजन गर्नुपर्ने हुनसक्छ ।
- गृह मन्त्रालयसँगको सहकार्यमा घुम्ती मतदाता दर्ता टोलीहरु खटाउने काम जारी राख्नुपर्छ । निर्वाचन आयोग र मन्त्रालयलाई योजना अवधिमा जारी गर्नुपर्ने लक्षित संख्याका नागरिकता प्रमाणपत्रहरु र नयाँ दर्ता संख्याको पहिचानले स्थलगत प्रयासहरुको प्रभावकारिताको मूल्यांकन गर्न सक्षम बनाउनेछ ।
- राष्ट्रियस्तरमा सीमान्तकृत समूदाय र महिलाहरुको प्रतिनिधित्व गर्ने नागरिक समाज संघ संस्थाहरुसँगको सहकार्य बृद्धि गर्नुपर्छ । स्थानीय तथा क्षेत्रीय नागरिक समाज संघ संस्थाहरुसँगको परामर्श बैठक वा गोलमेचले देशव्यापी रुपमा निर्वाचन आयोगको कार्यक्रमको प्रभावकारितामा थप सुधार ल्याउन सक्छ ।
- मतदाता सूचिमा मृत मतदाताहरुको नाम पहिचान गरी ती नामहरु हटाइएको सुनिश्चित गर्ने उपायबारे विचार गर्नुपर्छ ।
- जिल्ला निर्वाचन अधिकृतहरुबीच सर्वोत्कृष्ट अभ्यासहरु बाँड्ने उपायहरुबारे सोच्नुपर्छ ।
- चासोका विषयहरुलाई सम्बोधन गर्न र भावी दर्ता प्रयासहरुमा सुधारका लागि चाँडोभन्दा चाँडो मतदाता दर्ताको अध्यावधिक सुनिश्चित गर्नुपर्छ ।

*राजनीतिक दलहरुका लागिः*

- मतदाता दर्ता तथा मतदाता शिक्षा प्रक्रियामा अझ सक्रिय र सहयोगी भूमिका निर्वाह गर्नुपर्छ । योग्य मतदाताहरुलाई परिचालित गरेर दर्ता प्रक्रियामा सहयोग पुर्‍याउनु सबै राजनीतिक दलहरुको हितमा हुन्छ ।

*नागरिक समाजका लागिः*

- राजनीतिक दलहरुलाई भने जस्तै निर्वाचन आयोगद्वारा संचालित मतदाता दर्ता तथा मतदाता शिक्षा प्रयासहरुमा सहभागिता बृद्धि गर्नुपर्छ । यसअलावा, जिल्ला तहमा विद्यमान नागरिक समाजका मतदाता दर्ता प्रयासहरुलाई देशैभरी अनुकरण गर्नका लागि सहयोग गर्नुपर्छ ।

**###**

*कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो । लाभरहित उद्देश्यको एक गैरसरकारी संगठन, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रबर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकाशशील राष्ट्रका किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ ।*